नेपाल सरकार
सञ्चार तथा सुचना प्रबिधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय

गुलरिया, बर्दिया

प.सं.: २०८२/०८३

मिति : २०८२/११/०८

ने.सं.:११४६ चिल्लाथ्व ३, शुक्रबार

## निर्वाचन प्रचारप्रसारका सम्बन्धमा जिल्ला हुलाक कार्यालय, बर्दियाको अत्यन्त जरुरी सूचना !

विज्ञापन बोर्ड, बबरमहल काठमाण्डौंको च.नं.३४३, मिति २०८२/११/०४ गतेको पत्रानुसार, २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले गरेका प्रचार प्रसार, प्रचार सामाग्री तथा आम सञ्चार माध्यम तथा सामाजिक सञ्जाल समेतमा राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले गरेका प्रचारप्रसारको अनुगमन गरी निर्वाचन आचारसंहिता, २०८२, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन( नियमन गर्ने) नियमावली, २०७७ अनुसार कार्य भए नभएको अनुगमन गरी प्रतिवेदन गर्ने जिम्मेवारी यस कार्यालयलाई प्राप्त भएकाले, निर्वाचनमा सहभागी राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुबाट हुने प्रचार प्रसारको क्रममा उल्लेखित कानुनी व्यवस्थाहरुको प्रतिकुल हुने गरी तपसिल बमोजिमका कामकारबाही भएको पाईएमा प्रमाण (फोटो, लिंक वा अन्य) सहित यस कार्यालयमा उजुरी गर्न सकिने र प्राप्त उजुरीको प्रारम्भिक परिक्षणपछि सम्बन्धित निकायमा सिफारिस हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. निर्वाचन सहभागी राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले प्रयोग गरेका प्रचार सामाग्री तथा विभिन्न सञ्चार माध्यम, होर्डिङ बोर्ड, पम्पलेट, पोष्टर, भित्तेलेखन, अनलाइन तथा विधुतिय सञ्चार माध्यम तथा सामाजिक सञ्जाल समेतबाट गरेको विज्ञापन प्रचार प्रसारको क्रममा निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०८२ तथा अन्य प्रचलित कानुन बमोजिम नभएका विषयहरु।

२. आम नागरिकलाई प्रचारप्रसारको क्रममा भ्रमपूर्ण झुटा र अरु नराम्रो र आफु मात्र राम्रो वा अन्य दल नराम्रो आफ्नो दल मात्र राम्रो भन्ने खालका विज्ञापन तथा सूचना प्रचार प्रसार गरेको विषयहरु।

**उजुरी वा जानकारीका लागि:**

**फोन नम्बर: ०८४-४२०११८**

**सूचना अधिकारी: ९८५८०३२११८**

**ई-मेल: dpobardiya118@gmail.com**

..................
जिवन ज्ञवाली

**नि. हुलाक अधिकृत**

नि. हुलाक अधिकृत